“सुन्दरहरैंचा, जनताको मञ्च”

# सुन्दरहरैंचा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

विराटचौक, मोरङ

प्रदेश नं. १, मोरङ

# साप्ताहिक नगर कार्यक्रम

**मिति : २०७४/११/१८ देखि २०७४/११/२५ सम्म सुन्दरहरैंचा नगरपालिका भित्र भएका विभिन्न कार्यक्रम तथा निर्णयहरु**

प्रकाशन : **सुन्दरहरैंचा नगरपालिका**
नगरप्रमुखको सचिवालय

फोन नं. : ०२१-५४५८२२, ५४५०५० दमकल : ०२१, ५४६६६६
इमेल : sundarharaichamun.gov.np
वेवसाईट : http://www.sundarharaichamun.gov.np

"सुन्दरहरैँचा, विकासको बंगैचा"

# हाम्रो बारे

सुन्दरहरैँचा नगरपालिका कार्यालय सम्बन्धि तथ्यांक, अभिलेख, नगरक्षेत्र भित्र हुने विभिन्न कार्यक्रम तथा विविध सूचनाहरु एकीकृत गरी सार्वजनिक जानकारी गराउने उद्धेश्यले नगर साप्ताहिक जानकारी पुस्तिका तयार पारीएको हो । सुशासन तथा सूचनाको हक लगायतका विशेष ऐन नियमहरुबाट सबै सार्वजनिक निकायहरुले जनसरोकारका सूचनाहरु आम नागरिकहरुको पहुँचमा पुर्याउनु पर्ने गरी नेपाल सरकारले गरेको कानुनी व्यवस्था अनुरुप जनसरोकारका सार्वजनिक सूचनाहरु, कार्यक्रमहरु तथा विभिन्न निर्णयहरु पारदर्शी गराउने गहन जिम्मेवारी नगरपालिकामा रहेको छ । यसै जिम्मेवारीको निर्वाह गर्ने क्रममा नगरपालिकाको कार्यक्षेत्रमा रहेका विभिन्न एक साता भरी हुने कार्यक्रम तथा विभिन्न निर्णयहरुलाई सम्बन्धित सबैको जानकारीमा ल्याउने प्रयास यस पुस्तिकामा गरिएको छ ।

यस पुस्तिकामा रहेका जानकारीहरुले सार्ववजनिक निकायको विवरण सार्वजनिक गरि पारदर्शिता र उत्तरदायित्व वहन गर्ने दायित्व पुरा गर्ने पक्ष त छदैँछ साथै नगरपालिका र यस अन्र्तगतका पदाधिकारी र कर्मचारीहरुलाई सन्दर्भ सूचनाहरु उपलब्ध गराई कार्य सम्पादनमा सहजता ल्याउने उद्धेश्य राखिएको छ । साथै उपलब्ध सूचनाहरु नगरपालिकासँग सम्बद्ध आम नागरिक, जनप्रतिनिधि, सेवाग्राहि, विकासका साझेदारहरु र नगरपालिकाको विकास सम्बन्धि अध्ययन, अनुसन्धान र जानकारी राख्नेका लागि पनि उपयोगी हुने अपेक्षा राखिएको छ ।

“सुन्दरहरैँचा, विकासको बगैचा”

# नगरपालिकाको नाम : सुन्दरहैँचा नगरपालिका

समावेश भएका साविक नगरपालिकाहरु : कोशीहरैँचा र सुन्दरदुलारी न.पा

जनसंख्या : ८०५६२

क्षेत्रफल : ११०.१६ वर्ग किलोमिटर

केन्द्र : साविक कोशीहरैँचा नगरपालिकाको कार्यालय

वडा संख्या : १२

सीमाना :

पूर्व : बेलबारी न.पा

पश्चिम : सुनसरी जिल्ला

उत्तर : केरावारी गा.पा

दक्षिण : ग्रामथाम, बुढीगंगा गा.पा

## वडा विभाजन

| वडा नं. | समावेश भएका साविक न.पा | साविक वडा नं. | केन्द्र | घरधूरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | कोशीहरैँचा (हरैँचा) | १३,१४,१५ | साविक हरैँचा गा.वि.स को कार्यालय | १५७१ | ६४८४ |
| २ | कोशीहरैँचा (मृगौलिया) | ८,१०,११ | साविक मृगौलिया गा.वि.स को कार्यालय | १६६६ | ६२५५ |
| ३ | सुन्दरदुलारी (दुलारी) | ८,९ | लक्ष्मिनारायण मन्दिरको सभाहल | १२९१ | ५७४९ |
| ४ | सुन्दरदुलारी (दुलारी) | १०,११ | साविक सुन्दरदुलारी न.पा को कार्यालय | १४४९ | ६२८४ |
| ५ | सुन्दरदुलारी (सुन्दरपुर) | ५,६ | तिनपैनी | १४४२ | ६२५५ |
| ६ | सुन्दरदुलारी (सुन्दरपुर) | ३,४,७ | साविक सुन्दरपुर गा.वि.स कार्यालय | १७४२ | ७५४० |
| ७ | सुन्दरदुलारी (सुन्दरपुर) | १,२ | ठढिया चौक | १५८४ | ७०११ |
| ८ | कोशीहरैँचा (मृगौलिया) | ९,१२ | सलकपुर चिरम स्मृती प्रतिष्ठान | १३३८ | ५२३८ |
| ९ | कोशीहरैँचा (ईन्द्रपुर) | २,३ | बुधबारे बजार क्षेत्र | १८१० | ८०२६ |
| १० | कोशीहरैँचा (ईन्द्रपुर) | १ | हातेमालो सहकारी स्थीत खोर्सानेमा | १९४१ | ९१२९ |
| ११ | कोशीहरैँचा (ईन्द्रपुर) | ५,६,७ | कर्जुना | १९८० | ७१४७ |
| १२ | कोशीहरैँचा (ईन्द्रपुर) | ४ | साविक कोशीहरैँचा न.पा कार्यालय | ११९१ | ५४४४ |
| जम्मा | | | | १९००५ | ८०५६२ |

# मिति : २०७४/११/१८ देखि २०७४/११/२५ सम्म सुन्दहरैँचा नगरपालिका भित्र भएका विभिन्न कार्यक्रम तथा निर्णयहरु ।

| सि.न | कार्यक्रम | मिति | स्थान | सरोकारवाला |
|---|---|---|---|---|
| १. | सुन्दरहरैँचा नगरपालिकालाई अर्न्तराष्ट्रिय संस्था WeGo को एसोसिएट सदस्य बनाउन सफल भएको । | २०७४/११/१८ | | |
| २. | नगरपालिकाको विभिन्न वडाका कृषकहरुलाई वर्षे तरकारी मिनीकीट वितरण गरीएको । | २०७४/११/२० | कृषि शाखाबाट | तरकारी खेती गर्न ईच्छुक कृषकहरु लाई |
| ३. | नगपालिकाको विभिन्न वडाको लेटरप्याड फरक भएको भनि जनगुनासो आएकाले सबै वडा कार्यालयमा एकरुपताको लेटरप्याड बनाई पठाईएको | २०७४/११/२० | सूचना प्रविधि शाखा | |
| ४. | नगरपालिकाको सबै वडा कार्यालय तथा नगरकार्यपालिकामा विधुतिय हाजिरी जडानको प्रकृर्या सुचारु गरीएको । जसका लागि हाल विभिन्न संस्थाबाट दररेट माग गरीएको । | २०७४/११/२० | सूचना प्रविधि शाखा | |
| ५. | सुन्दरहरैँचा नगरपालिकाको सबै वडामा वडागत नागरिक वडापत्रको निर्माण गरीएको । | २०७४/११/२० | सुन्दरहरैँचा नगरपालिकाको सबै वडा कार्यालयहरुमा | |
| ६. | नगरपालिकाको विभिन्न क्षेत्र तथा कार्यालयमा CCTV जडान प्रकृर्या थालनी गरीएको । | २०७४/११/२१ | | १ हप्ता भित्र नगरपालिका कार्यालयका सबै कोठामा जडान गरी सक्ने र त्यस पश्चात हाई तथा अन्य ठाउँमा जडानको प्रकृर्या थालनी गरीने । |
| ७. | नगरपालिकाको विभिन्न क्षेत्रमा चैत्र मसान्त भित्र Free Wifi जडान गर्ने प्रकृर्या सुचारु गर्नका लागि प्रकृर्या अगाडी बढाईएको । | २०७४/११/२१ | | |
| ८. | ४ नं. वडामा वडास्तरीय महिला तर्फको | २०७४/११/२२ | | ४ नं. वडाध्यक्ष शैलेन्द्र श्रेष्ठको |

| | | | | |
|---|---|---|---|---|
| | बजेट बाट ८० जना महिलाहरुलाई कम्प्यूटर तालिमको उद्घाटन । | | | अध्यक्षता, नगरप्रमुख शिवप्रसाद ढकालको प्रमुख अतिथी, उपप्रमुख धनमाया तामाङ विशिष्ट अतिथी तथा ४ नं. वडाका जनप्रतिनिधि तथा कर्मचारीहरु । |
| ९. | ५ नं. वडाको आ.व. २०७४/७५ का विभिन्न योजनाहरुको अनुगमन । नगरपालिकाको विशेष आकर्षण केन्द्र फोकलैण्ड टापुलाई विशेष प्राथमिकतामा राखि योजना सञ्चालन गरीने । | २०७४/११/२२ | | नगरप्रमुख शिवप्रसाद ढकाल, |
| १०. | विगत केही दिन देखि सुन्दरहरैँचा नगरपालिकाको वडा नं. ५ मा बादर आई घरमा पसि अन्न तथा बालिमा क्षति गरेकाले उक्त ठाउँको स्थलगत अवलोकन गरी बादर धपाउन ईलाका प्रहरी कार्यालय, सेक्टर वन कार्यालय तथा विभिन्न सरोकारवालाहरुलाई सुरक्षा ब्यवस्था कडा राख्न अनुरोध । | २०७४/११/२२ | सुन्दरहरैँचा नगरपालिकाको वडा नं. ५ को नमुना सामुदायिक वन क्षेत्र | नगरप्रमुख, उपप्रमुख, इलाका प्रहरी कार्यालय बेलबारी, गछिया प्रहरी चौकी, सेक्टर वन कार्यालय तथा नगरपालिकाको कर्मचारी तथा स्थानीय बासी स्थलगत अनुगमन गरी हाललाई निकास निकालिएको । |
| ११. | नगरपालिकाको २ नं. वडामा कृषि सँग सम्बन्धित विभिन्न स्थलगत घुम्ति तालिम | २०७४/११/२३ | वडा नं. २ | |
| १२. | विगत धेरै वर्ष देखि सुन्दरहरैँचा नगरपालिका वडा नं. १२ मा लागि रहेको कृषि बजार लाई ब्यवस्थापन गर्नका लागि अर्को ठाउँमा स्तान्तरण । | २०७४/११/२४ | सुन्दहरहरैँचा वडा नं. १२ | |
| १३. | भुल्के बाँध निर्माण गर्नका लागि सम्झौता गरीएको । | २०७४/११/२४ | सुन्दरहरैँचा वडा नं. ६ | |
| १४. | कृषि प्रसार कार्यक्रम अन्तर्गत मेशिनरी औजार तथा उपकरण वितरणका लागि कृषकहरु सँग आवेदन संकलन गरीएको । | २०७४/११/२४ | | |
| १५ | सिग्देल बन्धु सामुदायिक भवन तथा मन्दिर उद्घान गरीएको | २०७४/११/२४ | सुन्दरहरैँचा वडा नं. ४ | |
| १६ | योजना सम्झौता, फरफारक तथा अन्य विषयमा जनगुनासो आएकाले नगरपालिकाको १२ वटै वडाका वडा | २०७४/११/२५ | प्रमुख प्रशासकीय अधिकृतको | प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाको सार्वजनिक निर्माण उपशाखाका सबै कर्मचारी तथा १२ |

| | | | | |
|---|---|---|---|---|
| | सचिवहरु सँग छलफल कार्यक्रम राखिएको | | कार्यकक्ष | वटा वडाका वडा सचिवहरु । |
| | | | | |